
गोपाल गुरागाईं

जनताको सहयोग, जनताकै भविष्य निर्माणमा लगानी

## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २३२ ❑ २०८३ भाद्र २३ गते मंगलबार ❑ Tuesday, 8 Sept. 2026 ❑ मूल्य ७ /-




*रसुवा बाढीपहिरोमा ज्यान गुमाएकाको सम्झनामा दमकमा दीप प्रज्वलन गरिएको छ । विभिन्न संघसंस्था र राजनीतिक दलको सहभागितामा भएको कार्यक्रममा मौनधारणसहित मृतकप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । साथै बेपत्ताको खोजी, घाइतेको शीघ्र स्वास्थ्यलाभ र पीडित परिवारलाई धैर्यको कामना गरिएको छ ।*

# जेन्जी विद्रोहको एक वर्ष

✍ विमल लामिछाने



समाचार विश्लेषण

**दमक/** नेपालको राजनीतिक इतिहासमा छोटो समयमै ठूलो राजनीतिक फेरबदल ल्याएको जेन्जी आन्दोलनको एक वर्ष पूरा भएको छ । २०८१ भदौ २३ र २४ (सेप्टेम्बर ८-९, २०२४) मा कुनै स्थापित दलीय झण्डा र नेतृत्व बिना सुरु भएको यो विद्रोहले मुलुकको शासकीय नक्सा नै बदलिदियो ।

**आन्दोलनको पृष्ठभूमि र तात्कालिक कारण:**

लामो समयदेखि गुम्सिएको युवा बेरोजगारी, उच्च शिक्षामा दलीय भागबण्डा, ठूला काण्डहरूमा व्याप्त भ्रष्टाचार, र सामाजिक असमानता यसको मुख्य जग थियो । तत्कालिन सरकारले सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूमाथि नियन्त्रण र प्रतिबन्ध लगाउने नीति ल्याएपछि डिस्कोर्ड, इन्स्टाग्राम र एक्समार्फत युवाहरु स्वतःस्फूर्त सडकमा ओर्लिए ।

**घटनाक्रम र दमनको रूपरेखा:**

भदौ २३ गते माइतीघर र नयाँ बानेश्वरमा शान्तिपूर्ण प्रदर्शन गरिरहेका युवामाथि प्रहरीले गोली चलाउँदा केही प्रदर्शनकारीको मृत्यु भयो । उक्त दमनको भिडियो सामाजिक सञ्जालमा फैलिएपछि भदौ २४ गते काठमाडौँलगायत देशैभर (झापासम्म) जनसागर उत्रियो, जहाँ घुसपैठ र अनियन्त्रित भीडका कारण भएका झडपमा ७२ भन्दा बढीको ज्यान गयो ।

**भौतिक, वित्तीय र सुरक्षा क्षति:**

दुई दिनको अवधिमा मुलुकले ८५ अर्ब रूपैयाँभन्दा बढीको प्रत्यक्ष भौतिक क्षति व्यहोर्नुपर्‍यो । सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत र शीर्ष नेताका निजी निवासका साथै भाटभटेनी र हिल्टन होटल जस्ता निजी क्षेत्रमा आगजनी र तोडफोड भयो । सुरक्षा निकायबाट १,३०० भन्दा बढी हतियार लुटिए भने देशभरका कारागारबाट १३ हजारभन्दा बढी कैदीबन्दी फरार भए ।

**राजनीतिक फेरबदल र अन्तरिम व्यवस्था:**

चौतर्फी दबाबपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए र प्रतिनिधि सभा विघटन गरियो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको संयोजकत्वमा नागरिक समाज, प्राविधिक र जेन्जी प्रतिनिधि सम्मिलित अन्तरिम सरकार गठन भयो, जसलाई डिजिटल अधिकार पुनर्बहाली गर्ने, दमनको छानबिन गर्ने र ६ महिनाभित्र निर्वाचन गराउने जनादेश दिइयो ।

**निर्वाचन र जनमतको नयाँ रूपरेखा:**

अन्तरिम सरकारले गराएको नयाँ आम निर्वाचनमा कांग्रेस, एमाले र माओवादी जस्ता पुराना दलहरूले ऐतिहासिक पराजय भोगे । पुष्पकमल दाहालबाहेक अधिकांश पुराना शीर्ष नेताहरु पराजित भए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नयाँ शक्तिहरूको वर्चस्व कायम भयो भने ठूलो संख्यामा जेन्जी

बाँकी ४ पेजमा ▸▸

## सुरूङ पुरै 'ब्रेक थ्रु' नभएसम्म खोजी जारी रहन्छ : नेपाली सेना

**दमक/** जलविद्युत आयोजनाहरूको सुरूङ 'ब्रेक थ्रु' नभएसम्म खोजी जारी रहने नेपाली सेनाले जनाएको छ । सोमबार सिंहदरबारस्थित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आयोजित पत्रकार सम्मेलनमा सेनाका सहायक रथी सुवासजंग थापाले भने- 'जबसम्म टनेलहरु ब्रेक थ्रु हुँदैन तबसम्म खोज जारी रहन्छ ।'

भोटेकोशीको बाढीका कारण क्षति पुगेका रसुवा र नुवाकोटमा जलविद्युत् आयोजनाका सुरूङहरूमा नेपाली सेना, सशस्त्र प्रहरी र विदेशी उद्धारकर्मीहरूले संयुक्त खोज तथा उद्धार गरिरहेका छन् । सरकारले नखोज्ने निर्णय गरेको अवस्थामा बाहेक सबै सुरूङ 'ब्रेकथ्रु' नभएसम्म निरन्तर खोज तथा उद्धार जारी राखिने सहायक रथी थापाले जानकारी दिए ।

भोटेकोशीमा आएको बाढीबाट रसुवा र नुवाकोटका ११ वटा जलविद्युत् आयोजना प्रभावित भएका छन् । आयोजना स्थल र विद्युत्तको सुरूङमा फसेका ८९८ जना मानिसहरु सम्पर्कविहीन भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान)ले जनाएको छ । रसुवा जिल्लामा रसुवागढी जलविद्युत आयोजना, रसुवा-भोटेकोशी, माथिल्लो मेलुङ-ए, लाङटाङ खोला, चिलिमे र मेलुङ खोला बिपदबाट प्रभावित भएका छन् । नुवाकोट जिल्लामा त्रिशूली जलविद्युत् आयोजना, देवीघाट जलविद्युत् आयोजना, माथिल्लो त्रिशूली-३ ए, माथिल्लो त्रिशूली-३ बी र मिडल त्रिशूली गङ्गा प्रभावित छन् ।

## झापाबाट २२ वटा हात्ती भारततर्फ फर्किए

**दमक/** झापाका विभिन्न सामुदायिक वनमा बसेका २२ वटा हात्तीको समूह भारततर्फ फर्किएका छन् । हात्ती अभियान्ता शंकर लुइँटेलले २२ वटा हात्तीको समूह भारततर्फ फर्किएको जानकारी दिएका हुन् । बच्चासहितको उक्त हात्तीको हुलले बाहुनडाँगी, शान्तिनगर लगायतका आसपासका क्षेत्रमा दैनिकजसो उपद्रो गर्दै आएको थियो । हात्तीले स्थानीय बासिन्दाका घर भत्काउने, खेतमा लहलह भएको धान खाइदिने, कुल्चिएर नष्ट गर्ने, सुपारीका बोट भाँचिदिन गरेपछि झापाका उत्तरी-पूर्वी क्षेत्रका बासिन्दा लामो समयदेखि त्रास र तनावमा जीवन बिताउन बाध्य थिए ।

एक महिनापछि भारतबाट आएको ठूलो हुल आफ्नै प्राकृतिक बासतर्फ फर्किएपछि स्थानीयवासीले ठूलो राहतको महसुस गरेका छन् ।

## बाढी पीडितलाई कांग्रेसले दियो एक करोड

**झापा/** नेपाली कांग्रेसले भोटेकोशी-रसुवा बाढीपीडितका लागि एक करोड रूपैयाँ आर्थिक सहयोग गरेको छ ।

सोमबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई प्रधानमन्त्री राहत कोषका लागि एक करोड रूपैयाँको चेक हस्तान्तरण गरेका हुन् ।

बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि पार्टीको तर्फबाट उक्त रकम सहयोग गरिएको कांग्रेसले जनाएको छ । चेक हस्तान्तरण गर्न महामन्त्री पौडेलसँगै पार्टीका कोषाध्यक्ष उमेश श्रेष्ठ लगायतका नेताहरु अर्थ मन्त्रालय पुगेका थिए ।

### हिमाविमा मोडल आइकनको ग्राण्ड फिनाले सम्पन्न

## स्नेहा र सोहन बने प्रिन्स एण्ड प्रिन्सेस




*__दमक/__ दमकमा इन्टर स्कुल प्रिन्स एन्ड प्रिन्सेस मोडल आइकनको ग्राण्ड फिनाले सम्पन्न भएको छ । आइतबार झापाको दमक स्थित हिमालय माविमा सम्पन्न कार्यक्रममा 'इन्टर स्कुल प्रिन्स एन्ड प्रिन्सेस मोडल आइकन-२०२६' (सिजन-४) को ग्राण्ड फिनाले सम्पन्न भएको हो ।*

*किङ्स नेपाल त्रिएसन कम्पनी प्रालिको आयोजनामा भएको प्रतियोगिताको ग्रण्ड फिनालेमा सिनियरतर्फ प्रिन्सिस स्नेहा लिम्बू वीनर भएकी छन्, त्यसैगरी प्रदेश वीनर रोशनी चौधरी र झापा वीनर इच्छा राई विजेता भएका छन् । यस्तै प्रिन्स वीनर सोहन सेडाईं, प्रदेश वीनरमा रवि टुडुले वीनरको ताज पहिरिएका हुन् ।*

*यसैगरी जुनियर तर्फ प्रिन्सेस वीनर नुनिवा चेम्जोङ, प्रदेश वीनरमा दिप्मा लिम्बू र झापा वीनरमा नुरिन योङ्हाङ र दमक वीनर आशिका राईले ताज जितेका हुन् । प्रिन्सतर्फ ग्रीस राई वीनर भएका छन् ।*

*यसैगरी मल्टिमिडिया अवार्ड वीनर प्रतिमा रोका, इच्छा राई र जुनियरमा दिप्मा लिम्बू, यूनिस थापा मगर विजेता भएका किङ्स नेपालका संस्थापक कृष्ण शाहले*

बाँकी ४ पेजमा ▸▸

## रथयात्राबाट संकलित रकम राहतकोषमा



दमक । श्रीकृष्ण रथयात्राबाट संकलित सम्पूर्ण भेटी दान प्रधानमन्त्री दैविक उद्दार राहत कोषमा जम्मा गर्ने श्रीकृष्ण रथयात्रा व्यवस्थापन समितिको निर्णय अनुसार रथयात्राका क्रममा संकलित रु. १ लाख २९ हजार २ सय ३३ र श्रीकृष्ण रथयात्रा व्यवस्थापन समितिबाट २१ हजार १ सय २२ रुपैयाँ थप गरी १ लाख ५१ हजार १ सय ५५ (एक लाख एकाउन्न हजार एक सय पचपन्न रुपैया) राहत कोषमा जम्मा गरेको कुरा समितिका सचिव प्रेम भट्टराईले बताएका छन् ।

## त्रिदेशीय संयन्त्र बनाउन नेकपाको माग

**दमक/** नेपाली कम्युनिस्ट पार्टी(नेकपा)ले सीमावर्ती क्षेत्रमा बढ्दो प्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्न नेपाल, चीन र भारत सम्मिलित 'संयुक्त हिमालय विपद् निगरानी तथा अनुसन्धान संयन्त्र' तत्काल स्थापना गर्न सरकारसँग माग गरेको छ । पार्टी केन्द्रीय कार्य संयोजन समितिको बैठकले विपद् सम्बन्धी विशेष प्रस्ताव पारित गरेको हो । नेपाल-चीन, नेपाल-भारतसँग त्रिदेशीय स्थायी संयन्त्र बनाएर त्यसको नियमित बैठक

बाँकी ४ पेजमा ▸▸

## रसुवा बाढीमा मृत्यु हुनेको संख्या एक हजार ३ सय ५५ पुग्यो

**दमक/** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले रसुवा बाढीमा परी ज्यान गुमाएकामध्ये हालसम्म एक हजार ३ सय ५५ जनाको शव फेला परेको जनाएको छ । प्राधिकरणका अनुसार फेला परेका शवमध्ये विभिन्न मानव अंगसमेत समावेश छन् । हालसम्म ९८ शवको सनाखत गरी आफन्तलाई बुझाइएको प्राधिकरणको तथ्यांक छ ।

प्राधिकरणका प्रवक्ता शान्ती महतले रसुवामा १६९, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, चितवनमा ३६३, नवलपरासी पूर्वमा २२२ र नवलपरासी पश्चिममा २२१ शव फेला परेको जानकारी दिइन् । 'बाढीमा परी करिब चार हजार ९९६ जना सम्पर्कविहीन रहेको विवरण छ । रसुवा जिल्ला प्रशासन कार्यालयबाट करिब एक हजार ९६७ जना र नुवाकोटबाट करिब दुई हजार ३४० नेपाली सम्पर्कविहीनको विवरण अद्यावधिक छ ।'

उनका अनुसार, सुरक्षाकर्मी तथा कर्मचारी करिब १०० र विदेशी नागरिक करिब ५८९ जना सम्पर्कविहीन रहेको तथ्यांक छ । यसबीच बाढीमा फसेकामध्ये हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ । प्राधिकरणका अनुसार ६ हजार ६७२ जना घाइतेको उपचार गरिएको छ । तीमध्ये विभिन्न अस्पतालमा ३२३ जनाको उपचार भएकामा २२८ जना उपचारपछि फर्किएका छन् । प्रभावित क्षेत्रमा स्थापना गरिएका ३९ वटा होल्डिङ सेन्टरमा अहिले तीन हजार ५३३ जना बाढी प्रभावित रहेका छन् । तीमध्ये रसुवामा ६६९, नुवाकोटमा दुई हजार ६५१ र धादिङमा २१३ जना रहेका प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार उद्धार, राहत तथा सुरक्षा व्यवस्थापनका लागि २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन गरिएको छ । नेपाली सेनाका नौ हजार २८७, नेपाल प्रहरीका सात हजार ९१२ र सशस्त्र प्रहरी बलका चार हजार २०३ जना सुरक्षाकर्मी बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहतका लागि परिचालित छन् ।


**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान**
**ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## झण्डा झुक्यो, जिम्मेवारी नझुकोस्

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले देशलाई गहिरो शोकमा डुबायो । बाढीले सयौं परिवार उजाड्यो, हजारौंलाई विस्थापित बनायो र ठूलो जनधनको क्षति पु¥यायो । आज त्यस विपत्तिमा ज्यान गुमाएकाहरुको तेह्रौं पुण्यतिथिका अवसरमा सरकारले देशभर सार्वजनिक बिदा दिएर राष्ट्रिय शोक दिवस मनाएको छ । सरकारी तथा सार्वजनिक कार्यालयमा राष्ट्रिय झण्डा आधा झुकाइएको छ भने दिवंगतहरुको सम्झनामा दीप प्रज्ज्वलन गरिएको छ ।

राष्ट्रिय शोक दिवस आफैंमा एउटा महत्वपूर्ण प्रतीक हो । यसले विपत्तिमा ज्यान गुमाएकाप्रति राज्य र समाजको सामूहिक श्रद्धा व्यक्त गर्छ । तर, शोकको वास्तविक अर्थ केवल झण्डा झुकाउनु, दीप बाल्नु वा सार्वजनिक बिदा दिनुमा सीमित हुनु हुँदैन । मृतकप्रति सच्चा श्रद्धाञ्जली उनीहरुका परिवारलाई सम्मानजनक जीवनमा फर्काउनु र विपत्तिमा परेकाहरुलाई सुरक्षित भविष्य सुनिश्चित गर्नु हो ।

भोटेकोशी बाढीले कति ठूलो क्षति ग¥यो भन्ने तथ्य अझै पूर्ण रुपमा बाहिर आइसकेको छैन । ठूलो संख्यामा मानिसको मृत्यु भएको छ, हजारौं बेपत्ता छन् र खोजी तथा उद्धार कार्य अझै जारी छ । भौतिक संरचना, सडक, पुल, घर, व्यवसाय र जीविकोपार्जनका साधनमा पुगेको क्षति पनि अकल्पनीय छ । प्राकृतिक विपत्तिले पु¥याएको क्षति केवल आजको पीडा होइनह्य यसको असर पीडित परिवारले वर्षौंसम्म भोग्नुपर्ने हुन्छ ।

सरकारले पीडितलाई होल्डिङ सेन्टरमा राखेर गाँस, बाँस र कपासको व्यवस्था गरेको छ । औषधोपचार, राहत तथा पुनर्स्थापनाका लागि सहयोग जुटिरहेको छ । प्रधानमन्त्री राहत कोषमा ठूलो रकम संकलन भइसकेको सरकारी तथ्यांकले पनि विपत्तिको समयमा नेपाली समाजमा देखिने सहानुभूति र सहयोगको भावना प्रमाणित गर्छ । यो मानवीय पक्ष प्रशंसनीय छ । तर अब प्रश्न उठ्छ(संकलित सहयोग कहाँ, कसरी र कति प्रभावकारी रुपमा खर्च हुन्छ ?

विपत्तिपछि राहत वितरणमा देखिने अस्थायी सक्रियता पर्याप्त हुँदैन । पीडितलाई केही दिनको खाना र अस्थायी बास दिएर राज्यको दायित्व पूरा हुँदैन । उनीहरुको स्थायी आवास, शिक्षा, स्वास्थ्य, रोजगारी र जीविकोपार्जनको सुनिश्चितता आवश्यक छ । बेपत्ताको खोजी कार्यलाई अन्तिम सम्भावनासम्म निरन्तरता दिनुपर्छ । मृतकका परिवारलाई उचित राहत र क्षतिपूर्ति तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष संरक्षण सुनिश्चित गरिनुपर्छ ।

त्यसैगरी, यस्ता विपत्तिबाट भविष्यमा हुने क्षति न्यूनीकरणका लागि दीर्घकालीन सोच आवश्यक छ । नदी तथा खोलाको प्राकृतिक बहावमाथि अतिक्रमण, जोखिमपूर्ण बस्ती, कमजोर पूर्वाधार र अव्यवस्थित विकासका कारण प्राकृतिक विपत्ति झन् भयावह बन्न सक्छ । त्यसैले विपद् आएपछि उद्धार गर्नेभन्दा विपद् आउनुअघि जोखिम पहिचान, पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती विकास र बलियो पूर्वाधार निर्माणमा राज्यले प्राथमिकता दिनुपर्छ ।

राष्ट्रिय शोक दिवसले हामीलाई एउटा कठोर सत्य सम्झाएको छ( प्रकृतिसँग खेलबाडको मूल्य निकै महँगो पर्न सक्छ । त्यसैले आज झुकाइएको राष्ट्रिय झण्डासँगै हाम्रो शिर पनि दिवंगतहरुप्रति श्रद्धाले झुक्नुपर्छ । तर त्यही शोकले भोलिको बाटो पनि देखाउनुपर्छ ।

आज बालिएको प्रत्येक दीपले एउटा प्रश्न सोधिरहेको छ(के हामीले यो विपत्तिबाट पर्याप्त पाठ सिक्यौं?

दिवंगतप्रति सच्चा श्रद्धाञ्जली यही हुनेछ कि उनीहरुको मृत्यु केवल एउटा दुःखद् तथ्य बनेर इतिहासमा सीमित नहोस् । उनीहरुको सम्झनाले सुरक्षित बस्ती, जिम्मेवार विकास, प्रभावकारी विपद् व्यवस्थापन र मानवीय राज्य निर्माणको आधार बनाओस् । शोक मनाऔं, तर शोकमै नअड्किऔं । दिवंगतको सम्झनालाई पीडितको पुनर्जीवन र सुरक्षित भविष्य निर्माणको राष्ट्रिय संकल्पमा बदलौं ।

# हिमताल विस्फोट र क्लाइमेट वारको अवस्था



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**आज नेपाल र भारतको बिहार उत्तरप्रदेश र उत्तराखण्डको साझा चिन्ताको विषय कोशीको बाढी अथवा भोटेकोशी वा बागमती नदीको बाढीको पानी होइन वास्तविक चिन्ता चाहिँ चीनको तिब्बत र हिमालय क्षेत्रमा लगातार बदलिँदै र बिग्रिँदै गइरहेको वातावरणीय सन्तुलनको अवस्था हो जुन लगातार तातिँदै गइरहेको छ ।**

नेपालमा हिमताल विस्फोट बाट क्लाइमेट वारको अवस्था सृजना भइसकेको छ । नेपालको हिमताल विस्फोट र जल प्रलयले गर्दा आम नेपाली रुको जीवनमाथि ठूलो आपत विपत् आई परेको छ ।

हजारौं मानिस हराई रहेका छन्, हजारौं मानिसको जीवन बाढीको महा विनाशकारी विध्वंसमा परी समाप्त भई सकेको छ । हजारौं मानिस बाढीको उग्र विनाशकारी आक्रमणमा घाइते भई अस्पताल र राहत शिविरहरुमा छटपटाई रहेका छन् । हजारौं मानिस घर बार विहीन बन्न पुगेका छन् ।

सयौ बाल बालिकाहरू आफ्ना आमा बाबु र संरक्षकहरू गुमाउनुपर्दा अनाथ बनेका छन् । हजारौं मानिसको घर खेतवारी ,व्यापार ,उद्योग, कल कारखाना र जीवन यापन गर्ने आधारहरू गुमेका छन् । देश नै शोकको अवस्थामा छ । सरकारले घटीमा पनि तीन महिनाको लागि बाढी प्रभावित क्षेत्रहरूलाई आपदा प्रभावित क्षेत्र भनेर घोषणा गरेका छन् । बाढी प्रभावित क्षेत्रका अधिकांश मानिसहरु एक्कासी घर न घाटको बन्न पुगेका छन् ।

बाढी पीडितहरुलाई अस्थायी रुपले बनेका घरहरु तथा त्रिपाल मुनि रहेको टहराको घरहरुमा बस्न र खान पाउने गरी सरकार तथा दान दाता र सामाजिक संघ संस्थाहरुले आवश्यक प्रबन्धहरु मिलाई रहेका छन्।बाढीमा परेर ज्यान गुमाउनेहरूको खोजी र व्यवस्थापन गर्ने कार्यमा नेपाली सेना र प्रहरी प्रशासन अहोरात्र खटि रहेका छन्।

बाढीले बगाएर लगेका लासहरु भारतीय सिमाना भित्रका नदीहरुमा समेत भेटिएका छन् । राहत र उद्धारका कार्यहरुमा लागेर नेपाली सेनाका जवानहरूले अदम्य साहस देखाएर बाढीमा फसेकाहरुको उद्धार गरिरहेका छन् । स्वयंसेवी संस्थाहरुले पनि बाढी पीडित क्षेत्रहरुमा मानवीय सेवा कार्य गर्दै बाढी पीडितहरुको लागि लत्ता कपडा खाने कुराहरू लगायतका नभई नहुने सर सामानहरु उपलब्ध गराइरहेका छन्। भारत चीन अमेरिका अस्ट्रेलिया भुटान श्रीलंका युएइ बंगालादेश लगायतका थुप्रै देशहरूबाट राहत र उद्धारकार्यमा सहयोग पुग्ने प्रविधि र विषेशज्ञ हरु लगायत राहत सामग्रीहरुको ओइरो लाग्न थालेको छ ।

आआफ्नो घर भित्रै बाट थोरै थोरै भएर पनि नेपालका गाउँ गाउँ बाट र शहर शहर बाट स्थानीय समुदायहरुले राहत संकलन गरेर बाढी प्रभावित क्षेत्रहरुमा पठाउन थालेको छ । तर त्यतिले मात्र बाढीले सृजना गरेको समस्याहरुको समाधान सम्भव देखिँदैन । माटो मुनि पुरिएका लासहरू निकाल्न सेना र प्रहरीलाई जति कठिन छ त्योभन्दा बढी चुनौतीपूर्ण कार्य कुहिन लागेको दुर्गन्धित लाशहरूलाई व्यवस्थित तरिकाले आफन्तहरूलाई जिम्मा लगाउनु पनि हो ।

बाढीमा हराइरहेका व्यक्तिहरुहरुको कुनै अत्तोपत्तो नपाउँदा उनका आफन्तहरुले मरिसकेको ठानेर कुसाको लाश बनाएर सनातन धर्मको परम्पराअनुसार चितामा लगेर दाहसंस्कार गर्ने गरेको देखिन्छ । दु:ख र संवेदनाको यस घडीमा सरकारले पुरै शक्ति लगाएर उद्धार र राहत कार्यहरु चलाइरहेको छ । हिमताल विस्फोट भएको बाह्रौं दिन बितिसक्दा पनि बाढी पिडितहरुको वास्तविक तथ्यांकहरु पत्ता लगाउन सकिएको छैन । कति घर बगे कति मानिस हताहत भए कति मानिस घाइते भए कति मानिसको उद्धार गरियो कति मानिस अस्पतालमा उपचार पाइरहेका छन् कति मानिस राहत शिविरहरूमा राहत पाइरहेका छन् आदि इत्यादि लगायतका कुराहरूबारे अहिलेसम्म पनि यथार्थ तथ्यांक संकलन गर्न सकिएको छैन ।

बाटोघाटो पुरिएको छ, विद्यालयहरु पुरिएको छ, विद्यालयमा पढ्ने छात्र छात्राहरुको किताब कपी झोला ब्याग जुत्ता लगायतका आवश्यक सामानहरु समेत बाढीले बगाएर लगिसकेको छ । बाढी प्रभावित क्षेत्रहरुमा गाँस बास कपास शिक्षा, स्वास्थ्य रोजगारी लगायतका सबै आधारभूत सुविधाहरु माथि प्रश्न चिन्ह खडा भएको छ । बाढी पीडितहरुलाई पुनर्वास लगायत रोजगारीका कुराहरु बारे सरकार अझै गम्भीर भएर लाग्नुपर्ने आवश्यकता रहेको छ । देशभित्र विद्यमान रहेका र बाढीबाट तत्कालै सिर्जित समस्याहरुलाई केही मात्रामा थामथुम पार्न त सकिन्छ तर सबैभन्दा डरलाग्दो सत्य र तथ्य के छ भने नेपालमा हिमाली क्षेत्रबाट आउने संकटहरूलाई कसरी रोक्न सकिन्छ भन्ने कुरा यक्ष प्रश्नको रूपमा उत्पन्न भइरहेको छ ।

हिमालय क्षेत्र लगातार तातिँदै गइरहेको छ । हिमालमा जमेका हिउँ जलवायु परिवर्तनका कारणले लगातार पग्लिँदै गइरहेको छ । सधैँ सेतो देखिने हिमाल बिस्तारै बिस्तारै कालो पहाड भएको हिमालमा रुपान्तरण हुन थालेको छ । हिमालय क्षेत्रमा लगातार फोहर र प्रदूषण बढ्दै गइरहेको छ । क्लाइमेट चेन्ज र क्लाइमेट क्राइसिसले गर्दा पृथ्वीको तापक्रम लगातार वृद्धि हुँदै गइरहेको छ ।

यसले गर्दा वातावरणमा रहेको विभिन्न किसिमका ग्याँसहरुको अनुपात र सन्तुलन पनि बिग्रिँदै गइरहेको छ । वनविनाश, र औद्योगिक प्रदूषणले गर्दा वायुमण्डलमा कार्बन डाइओक्साइड ग्यासको मात्रा लगातार बढ्दै गएर संसारकै वातावरणीय सन्तुलन खलबलिन थालेको छ । वातावरणीय सन्तुलनलाई कायम राख्न वैश्विक रूपमै प्रयास गरिए पनि वातावरण सन्तुलन दिनप्रतिदिन बिग्रिँदै गइरहेको छ । जसले गर्दा अत्याधिक बाढी सुखा अनिकाल खडेरी पहिरो हिमताल विस्फोट लगायतका प्राकृतिक संकटहरु दिनप्रतिदिन अझ भयानक रूपमा आइरहने सम्भावनाहरू बढ्दै गइरहेको छ ।

प्रकृतिलाई संरक्षण गरिएन भने प्रकृतिले नै महाविनाश सृजना गरी संसारलाई सन्तुलनमा ल्याउने कुरालाई विभिन्न पौराणिक कथाहरुमा बताइएको छ । नेपालमा भएको हिमताल विस्फोटको प्रकृति जतिसुकै भयानक र आकस्मिक भएपनि हिमताल विस्फोट हुन सक्ने सम्भावनाहरुलाई वातावरण वैज्ञानिकहरुले पटकपटक औल्याइराखेकै थिए ।

मानव समाज अत्याधिक भौतिकवादी र स्वार्थी जीवन बिताई रहेको सन्दर्भमा हिमताल विस्फोटको घटना र सन्दर्भलाई जोडेर पनि अध्ययन गर्न सकिन्छ । अहिले हिन्दुकुश हिमालमा करिब २५ हजारभन्दा बढी हिमतालहरु बनिसकेका छन् । स्वयम् समायोजित हुने किसिमले प्रकृतिले स्वयं हिमतालहरुलाई बनाउने र भत्काउने कार्य गरिरहेको हुनाले हिमताल विस्फोटबाट उत्पन्न हुन सक्ने खतरा र त्रासलाई घटाउन र हटाउन मानव समाज अत्यन्त विवेकशील र प्रकृति प्रेमी हुनु जरूरी छ ।

नेपालमा भदौ १० गते भएको हिमताल विस्फोटको दुर्घटना सामान्य घटना होइन यो एक किसिमको क्लाइमेट वार हो । नेपाल विरूद्ध प्रकृतिले गरेको अन्यायपूर्ण क्लाइमेट वारले नेपालको जल जमिन जंगल र जनसाधन सबै संकटमा परि सकेको छ । हिमताल विस्फोट जति नेपालको लागि दुर्भाग्यपूर्ण छ त्यति नै भारतको लागि पनि दुर्भाग्यपूर्ण मान्न सकिन्छ । नेपालका ६ हजारभन्दा बढी नदीहरुबाट बगेर गएको पानी भारतको लागि पनि घाँडो र संकट सिर्जना गर्ने चेतावनीको रूपमा लिन सकिन्छ ।

हाम्रो हिमालय क्षेत्र लगातार अस्थिर बन्दै गइरहेको छ । हिमालय पारिका विशाल देश चीनमा यति धेरै औद्योगिक क्रान्ति र प्रविधि हरुको विकास भइसकेको छ कि तिनीहरुले हिमालय क्षेत्रमा व्यापक रुपमा बाटोघाटो पुलपुलेसा बाँध निर्माण गरी आफ्नो प्राकृतिक साधनहरुलाई दोहन र व्यवस्थित गर्ने प्रयास गर्दै लगेपछि तथा पहाड फुटाएर खेतीपाती गर्ने गरेको जस्तो कारणहरुले गर्दा हिमाल क्षेत्रमा लगातार भूकम्प आउने र भूकम्पको पराकम्पन बढ्दै जाने अवस्थाहरु पटकपटक सृजना हुँदै गएको देखिन्छ ।

नेपाल र भारत एउटै नदी प्रणालीसँग जोडिएको हुनाले प्राकृतिक आपत विपत र संकट दुवैतिर साझा संकटको रूपमा आउने गरेको देखिन्छ। भारतको हिमाचल प्रदेश उत्तराखण्ड लगायतका क्षेत्रहरु मा लगातार प्राकृतिक संकट बढ्दैछ नेपालको शिवालिक चुरे र तराई क्षेत्र लगातार प्राकृतिक संकटको विभिसीका झेल्दैछ । बाढी आउनु पूर्व अथवा हिमताल विस्फोट हुनुभन्दा पूर्व कुनै पनि किसिमको भविष्यवाणी गर्न सकिँदैन । यो घटना घटित भएपछि मात्रै थाहा हुने कुरा हो ।

आज नेपाल र भारतको बिहार उत्तरप्रदेश र उत्तराखण्डको साझा चिन्ताको विषय कोशीको बाढी अथवा भोटेकोशी वा बागमती नदीको बाढीको पानी होइन वास्तविक चिन्ता चाहिँ चीनको तिब्बत र हिमालय क्षेत्रमा लगातार बदलिँदै र बिग्रिँदै गइरहेको वातावरणीय सन्तुलनको अवस्था हो जुन लगातार तातिँदै गइरहेको छ । हिउँका अग्लाअग्ला ठूलाठूला पहाडहरु तातिएपछि जब फुट्छन् र झरेर हिमताल माथि बज्रिन्छन् तब हिमताल विस्फोट हुन्छ र यसबाट निस्किएको पानीले बाढीको रूप धारण गर्दा परमाणु बमको विस्फोटले पुर्याएको हानी नोक्सानी भन्दा बढी मानवीय क्षति पुर्याउँदछ । जसलाई रोक्न जलवायु परिवर्तनलाई सन्तुलनमा ल्याउन जरूरी छ ।

धरतीलाई अत्याधिक तातिनबाट जोगाउनु पर्दछ धुलो धुवा ग्यास पेट्रोलियम पदार्थ परमाणु विस्फोट बमबारूदको प्रयोग आदि इत्यादिलाई धर्तीबाट सधैंको लागि विदाई गरेपछि मात्र वातावरण आफ्नो मौलिक स्वरूप हासिल गर्न सक्छ अनि मात्र नेपाल जोगिन सक्छ ।

# जनताको सहयोग, जनताकै भविष्य निर्माणमा लगानी



गोपाल गुरागाई

**अब हुने पुनर्निर्माण विगतकै संरचना जस्ताको तस्तै बनाउने प्रक्रियामा सीमित हुनु हुँदैन । नदी तथा खोलाको प्राकृतिक बहाव, बाढीको जोखिम, कमजोर भू(भाग र अव्यवस्थित बस्तीलाई ध्यानमा राखेर सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य संरचना निर्माण गर्नुपर्छ । बाढी पूर्वसूचना प्रणाली, नदी व्यवस्थापन, सुरक्षित बस्ती विकास र विपद् प्रतिरोधी पूर्वाधारमा दीर्घकालीन लगानी आवश्यक छ । आज पुनर्निर्माणमा गरिएको सही लगानीले भोलिको क्षति घटाउन सक्छ ।**

भदौ १० गते आएको विनाशकारी बाढी तथा डुबानले देशका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति पु¥याएको छ । घर, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था, कृषि तथा उद्योग(व्यवसायमा भएको क्षतिले प्रभावित परिवारको दैनिकी मात्र होइन, स्थानीय अर्थतन्त्रको आधारसमेत कमजोर बनाएको छ । विपद्को यस कठिन घडीमा सरकार, राजनीतिक दल, संघसंस्था, निजी क्षेत्र तथा आम नागरिकबाट सहयोगका हातहरु अघि बढेका छन् । स्वदेश तथा विदेशबाट सहयोग जुटिरहेको छ भने राज्यकोषमा समेत ठूलो परिमाणमा १० अर्ब बढी रकम संकलन भइसकेको छ । यो बाहेक पनि विभिन्न संघसंस्था, एनजीओ, आइएनजीहरूले समेत आवश्यकता अनुसारको राहत वितरणमा सहयोग पु¥याईरहेका छन् । यो नेपाली समाजको मानवीय संवेदना र राष्ट्रिय एकताको महत्वपूर्ण उदाहरण हो ।

तर अब भावनात्मक सहयोगलाई प्रभावकारी परिणाममा रुपान्तरण गर्ने समय आएको छ । संकलित रकम कति भयो भन्ने प्रश्नसँगै अब त्यो रकम कहाँ, कसरी र कुन प्राथमिकताका आधारमा खर्च हुन्छ भन्ने प्रश्न अझ महत्वपूर्ण बनेको छ । निजी क्षेत्रको स्पष्ट धारणा छ( अब संकलित रकमलाई केवल तत्कालीन राहत वितरणमा सीमित राख्नु हुँदैन । प्रभावित नागरिकको जीवनलाई सामान्य अवस्थामा फर्काउने, भत्किएका संरचना पुनर्निर्माण गर्ने र प्रभावित क्षेत्रको अर्थतन्त्रलाई पुनःचलायमान बनाउने गरी रकम परिचालन गर्नुपर्छ ।

विपद्पछि तत्काल खाना, कपडा, औषधि र अस्थायी बसोबास आवश्यक हुन्छ । तर राहतको आवश्यकता घट्दै जाँदा पीडितका समस्या समाप्त हुँदैनन् । बरू त्यसपछि पुनर्स्थापनाको वास्तविक चुनौती सुरू हुन्छ । घर भत्किएको परिवारलाई सुरक्षित घर चाहिन्छ । विद्यालय क्षतिग्रस्त भएको ठाउँमा बालबालिकाको पढाइ निरन्तर हुनुपर्छ । किसानलाई बीउ, मल र उत्पादनका साधन चाहिन्छ । व्यवसायीलाई पसल, गोदाम, मेसिनरी तथा उद्योग पुनः सञ्चालन गर्न पूँजी आवश्यक हुन्छ । त्यसैले राहतले जीवन जोगाउँछ भने पुनर्निर्माणले जीवनलाई पुनःउभ्याउँछ । संकलित रकमको महत्वपूर्ण हिस्सा दीर्घकालीन पुनर्स्थापना र पुनर्निर्माणमा छुट्याइनुपर्छ ।

संकलित रकमप्रति आम नागरिक, दाता र निजी क्षेत्रको विश्वास कायम राख्नु सरकारको पहिलो जिम्मेवारी हो । सरकारले कति रकम संकलन भयो, कहाँबाट आयो, कहाँ कति खर्च भयो र कति बाँकी छ भन्ने विवरण नियमित रुपमा सार्वजनिक गर्नुपर्छ । राहत तथा पुनर्निर्माणको रकम वितरणमा पारदर्शिता, जवाफदेहिता र आवश्यकताका आधारमा प्राथमिकता निर्धारण हुनुपर्छ । विपद्को समयमा संकलित रकम राजनीतिक प्रभाव वा पहुँचका आधारमा होइन, वास्तविक आवश्यकता भएका नागरिकसम्म पुग्नुपर्छ । स्वतन्त्र अनुगमन, सार्वजनिक खर्च विवरण र सामाजिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन सके जनताको विश्वास अझ बलियो हुन्छ ।

बाढीबाट प्रभावित साना तथा ठूला व्यवसायका गोदाम, पसल, मेसिनरी, कच्चा पदार्थ तथा तयारी वस्तुमा ठूलो क्षति पुगेको छ । व्यवसाय बन्द हुँदा व्यवसायी मात्र प्रभावित हुँदैनन् –त्यहाँ कार्यरत कर्मचारी, मजदुर, आपूर्तिकर्ता र समग्र स्थानीय बजार प्रभावित हुन्छ । उद्योग बन्द हुनु उत्पादन रोकिनु हो, पसल बन्द हुनु रोजगारी र बजार कारोबारमा कमी आउनु हो भने किसानको उत्पादन नष्ट हुनु स्थानीय आपूर्ति प्रणाली कमजोर हुनु हो । त्यसैले प्रभावित व्यवसायका लागि पुनर्कर्जा, ब्याज सहुलियत, कर्जा भुक्तानीको समय थप, कर तथा सरकारी शुल्कमा आवश्यक सहुलियतजस्ता कार्यक्रम ल्याउनुपर्छ । व्यवसाय पुनः सञ्चालन हुनु भनेको रोजगारी फर्किनु हो, र रोजगारी फर्किनु भनेको स्थानीय अर्थतन्त्र पुनर्जीवित हुनु हो ।

सरकारले निजी क्षेत्रलाई सहयोग माग्ने संस्थाका रुपमा मात्र हेर्नु हुँदैन । निजी क्षेत्रसँग स्रोत, व्यवस्थापन क्षमता, प्राविधिक ज्ञान, आपूर्ति प्रणाली र कार्यान्वयनको अनुभव छ । उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, उद्योगी(व्यवसायी तथा अन्य निजी क्षेत्रका संस्थालाई स्पष्ट जिम्मेवारी दिएर सरकार( निजी क्षेत्र साझेदारीमा पुनर्निर्माण अभियान सञ्चालन गर्न सकिन्छ । सरकार नीति, समन्वय र सार्वजनिक स्रोतको व्यवस्थापनमा केन्द्रित होस् भने निजी क्षेत्रले आफ्नो प्राविधिक तथा व्यवस्थापकीय क्षमता प्रयोग गरोस् । यसबाट पुनर्निर्माणको गति बढ्नुका साथै स्रोतको प्रभावकारी उपयोग पनि हुन्छ ।

त्यसैगरी, बाढीबाट क्षति भएका उद्योग तथा व्यवसायको बीमा दाबी प्रक्रिया छिटो टुंग्याउनुपर्छ । सरकार, बीमा कम्पनी र सम्बन्धित निकायबीच समन्वय गरी क्षतिको मूल्यांकन तथा बीमा दाबी फछ्र्योटलाई तीव्र बनाउन आवश्यक छ । बीमाबाट प्राप्त रकमले धेरै व्यवसायीलाई पुनः व्यवसाय सञ्चालन गर्न महत्वपूर्ण आधार दिन सक्छ । त्यसैले बीमा दाबीलाई केवल प्रशासनिक प्रक्रिया नभई आर्थिक पुनर्जीवनको महत्वपूर्ण साधनका रुपमा लिनुपर्छ ।

अब हुने पुनर्निर्माण विगतकै संरचना जस्ताको तस्तै बनाउने प्रक्रियामा सीमित हुनु हुँदैन । नदी तथा खोलाको प्राकृतिक बहाव, बाढीको जोखिम, कमजोर भू(भाग र अव्यवस्थित बस्तीलाई ध्यानमा राखेर सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य संरचना निर्माण गर्नुपर्छ । बाढी पूर्वसूचना प्रणाली, नदी व्यवस्थापन, सुरक्षित बस्ती विकास र विपद् प्रतिरोधी पूर्वाधारमा दीर्घकालीन लगानी आवश्यक छ । आज पुनर्निर्माणमा गरिएको सही लगानीले भोलिको क्षति घटाउन सक्छ ।

त्यसका लागि राहत तथा पुनर्स्थापनामा प्रभावकारी एकद्वार प्रणाली आवश्यक छ । विभिन्न संघसंस्था र निजी क्षेत्रबाट जाने सहयोगमा दोहोरोपन नहोस् र वास्तविक पीडित छुट्न नपरोस् भन्नका लागि प्रभावित परिवार तथा व्यवसायको व्यवस्थित अभिलेख तयार गर्नुपर्छ । स्थानीय तह, जिल्ला प्रशासन, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय गर्दै कसलाई के आवश्यक छ भन्ने आधारमा कार्यक्रम अघि बढाइनुपर्छ । एकद्वार प्रणालीको अर्थ सहयोग रोक्नु होइन, सहयोगलाई सही ठाउँमा, सही समयमा र सही व्यक्तिसम्म पु¥याउनु हो ।

निजी क्षेत्रले पनि सरकारसँग माग मात्र राख्ने होइन, आफ्नो जिम्मेवारी स्वीकार गर्नुपर्छ । विपद्को समयमा राहत, पुनर्स्थापना, रोजगारी संरक्षण तथा पुनर्निर्माणमा आफ्नो क्षमता अनुसार योगदान गर्नुपर्छ । तर निजी क्षेत्रबाट भएको सहयोग कहाँ र कसरी प्रयोग भयो भन्ने विवरण पनि पारदर्शी हुनुपर्छ । सहयोग गर्ने र प्राप्त गर्ने दुवै पक्षको विश्वास कायम राख्न स्पष्ट अभिलेख र सार्वजनिक जानकारी आवश्यक हुन्छ ।

अन्ततः विपद्को पीडा एउटा परिवारको घर भत्किएर मात्र समाप्त हुँदैन । पसल बन्द हुन्छ, उद्योग रोकिन्छ, मजदुरको रोजगारी गुम्छ, किसानको उत्पादन नष्ट हुन्छ र बजारको कारोबार घट्छ । यसको असर महिनौं वा वर्षौंसम्म रहन सक्छ । त्यसैले अब सरकारको नीति 'राहत वितरण' बाट 'पुनर्स्थापना, पुनर्निर्माण र अर्थतन्त्र पुनर्जीवन' तर्फ केन्द्रित हुनुपर्छ ।

आजको आवश्यकता राहत मात्र होइन( पीडितको जीवनमा आशा फर्काउने, रोजगारी सिर्जना गर्ने, व्यवसाय पुनःचलाउने र सुरक्षित भविष्य निर्माण गर्ने पुनर्निर्माण हो । यही नै विपद्पछिको जिम्मेवार शासन, उत्तरदायी निजी क्षेत्र र समग्र राष्ट्रको साझा प्राथमिकता बन्नुपर्छ ।

*(लेखक दमक उद्योग वाणिज्य संघका अध्यक्ष हुन्)*

## रोचक जानकारी

### लण्डनमा गुड्न थाले रोबोट्याक्सी !





दमक/लण्डनवासीहरुले अब बेलायतको पहिलो रोबोट्याक्सी (ड्राइभररहित ट्याक्सी) बुक गर्न सक्ने भएका छन् । युबरले बुधबारदेखि सेल्फ–ड्राइभिङ मिनीक्याब सेवा शुरु गरेको हो ।

यो सेवाअन्तर्गत १५ वटा मात्र अटोमोनस सवारी साधनहरुलाई सहरमा सञ्चालन गर्ने अनुमति दिइएको छ। सुरक्षालाई ध्यानमा राख्दै कुनै पनि गडबड भएमा तत्काल नियन्त्रणमा लिन प्रत्येक गाडीमा एक जना ह्युमन सेफ्टी ड्राइभर राखिएको छ ।

अमेरिकाका विभिन्न सहरहरुमा ड्राइभररहित गाडीहरुले गडबडी गरेका केही घटनाहरु बाहिर आए पनि युबरले लण्डनका आफ्ना ग्राहकहरुमा माझ एपमार्फत गरेको सर्वेक्षणमा १ लाखभन्दा बढी मानिसले उपलब्ध भएमा सेल्फ–ड्राइभिङ ट्याक्सी छनोट गर्ने बताएका छन् । फिलहाल रोबोट्याक्सीको भाडा स्ट्यान्डर्ड युबरएक्स, युबर इलेक्ट्रिक वा युबर कम्फर्ट यात्राकै सरह हुनेछ, जसमा एपमा नै अग्रिम भाडा देखाइनेछ । यात्रा बुक गरिसकेपछि र यदि नजिकै कुनै रोबोट्याक्सी उपलब्ध भएमा मात्र एपमा यो विकल्प देखा पर्नेछ ।

युबरका ग्लोबल अटोमोनस मोबिलिटी एन्ड डेलिभरी हेड सरफराज मरेडियाले आगामी केही वर्षभित्र यसलाई चरणबद्ध रुपमा विस्तार गर्ने योजना रहेको बताए ।

युबरको वर्तमान सानो फ्लीटमा रहेका फोर्ड मस्टाङ्ग विद्युतीय सवारीसाधनहरुमा बेलायती प्रविधि कम्पनी 'वेभ'को ड्राइभररहित कार प्रविधि जडान गरिएको छ । यसले गाडीको छतमा रहेको बार र अन्य स्थानमा जडान गरिएका सेन्सरमार्फत वास्तविक समयमा वरपरको परिस्थितिको विश्लेषण गर्न कृत्रिम बौद्धिकताको प्रयोग गर्छ । यी गाडीहरु पहिले नै प्रोग्राम गरिएका हुँदैनन, बरू त्यतिबेला बाटोमा भइरहेको घटनाक्रमका आधारमा तिनीहरुका गतिविधिहरु आफैं निर्धारण हुन्छन् । गुगलको अटोमोनस कार कम्पनी 'वेमायमो' र चिनियाँ प्राविधिक दिग्गज 'बाइडु' पनि बेलायतमा आफ्ना सेवाहरु शुरु गर्न प्रतिस्पर्धामा उत्रिएका छन् र यो प्रतिस्पर्धा तीव्र बन्दै गएको छ ।

# पर्यटकको पर्खाइमा तीनछाँगे झरना



ओखलढुंगा/ ओखलढुंगाको सुनकोशी गाउँपालिका(९ ककनीमा रहेको तीनछाँगे झरना पर्यटकका पर्खाइमा रहेको छ । ककनी खोलामा करिब ५०० मिटरको दूरीभित्र तीन ठूला र मनमोहक झरना भए पनि प्रचारमा आउन नसक्दा झरना ओझेलमा परेका हुन् ।

ककनी गाउँ हुँदै बहने ककनी खोला कपल्टी भिरमा पुगेपछि झरनामा परिणत भएको छ । त्यही खोला करिब ५०० मिटरको दूरीमा तीनवटा झरनामा बदलिएको छ । पहिलो झरना गाउँ नजिकै छ । पर्यटकीय पूर्वाधार निर्माण भएका कारण गाउँबाट १० मिनेटकै पैदल दूरीमा यो झरनामा पुग्न सकिन्छ । दोस्रो झरना पहिलो झरना नजिकै रहे पनि भौगोलिक विकटताका कारण घुमाउरो बाटो भएर जानुपर्छ । करिब २० मिनेट ओरालो हिँडेपछि दोस्रो झरना पुग्न सकिन्छ । यो झरना ककनी खोलाको सबैभन्दा अग्लो झरना रहेको स्थानीय दिलबहादुर तामाङ बताउछन् ।

ककनी खोलाको तेस्रो झरना भने खोचभित्र छ । यो झरनामा पुग्नका लागि सहज बाटो पनि छैन । तेस्रो झरना अझ सुन्दर र आकर्षक भए पनि त्यहाँ जान नसकिने तामाङको भनाइ छ । 'ककनी खोलाका तीनवटै झरना आकर्षक छन्', तामाङ भन्छन्, 'तर भौगोलिक विकटताले पर्यटकको बाक्लो उपस्थिति हुन सकेको छैन ।'

ककनी खोलाको शिरमा ओखलढुंगाको प्रख्यात ककनी चम्पादेवी मन्दिर रहेको छ । धार्मिक आस्थासँग समेत जोडिएको तीनछाँगे झरनाको पहिलो र दोस्रो झरनामा जानका लागि गोरेटो बाटो, रेलिङ, विश्रामस्थल, काठेपुललगायतका संरचना निर्माण भएका छन् । तर प्रदेश र स्थानीय सरकारले निर्माण गरेका ती संरचना पनि पूर्ण नरहेको स्थानीय ढकबहादुर सुनुवारले बताए ।

झरना नजिकै रहेको ककनी गाउँमा तामाङ र सुनुवार जातिको बाक्लो वस्ती रहेको छ । झरना हेर्न आउने पर्यटकलाई लक्षित गरेर स्थानीयले होमस्टे सुविधासमेत दिँदै आएका छन् । 'झरना नजिकै बास बस्ने सुविधायुक्त होमस्टेसमेत व्यवस्था गरेका छौँ,' होमस्टे सञ्चालक नरबहादुर सुनुवार बताउनुहुन्छ, 'त्यसैले पर्यटक आवागतम बढाउन जोड दिइरहेका छौँ ।'

## साहित्य

### "बाढीले बगाएको सपना"



◆ जिवन बेघा (बिवश)

रसुवाको भोटे कोशीमा आएको हिमनदी भयानक बाढीले
बगाएको मान्छेको ज्यान बस्ती सपनाको महल सबै
आँखै अगाडी आएको भयानक हुडुलीएर आएको
हिमपहिरो बाढीले बगाएर सबै चक्कानाचुर
मान्छेहरूको अवशेष अस्थिपञ्जर खोला किनार
नदी तलाउमा यत्रतत्र बेगिन्ती छरिएको
सपना रहर सबै क्षण भरमा सबै बिलिन
त्यस बखत मृत्यु समिप आउँदा
त्यस बखत उनीहरू डरले सशंकित नभई
रहर गन्दै थिए मोबाइलको सेल्फीमा
त्यती खेर उनीहरूलाई डरले छोएको
भान थिएन कि किन रहरहरू पलाए
अझै बाँकी थियो अन्तिम घडीसम्म
क्षणभरमा मेरो शव विशाल भयानक
बाढीले बगाउँदै नारायणी त्रिशुलीको
किनारा तलाउमा बग्रेल्ती लाश भई छरिएर
काग स्याल माछाको भोजन हुन्छु
भन्ने हेक्का थिएन कि जिन्दगीको
कति खेर कहाँ पुगेर अस्ताउने हो
भर नभएको जिन्दगी
भयानक आएको हिमपात
बाढी चट्टानको चोट खाँदै
दरखऱ्याउँदै लाश भई
नदी किनारमा हुन्छु भन्ने
हेम्का नभएको जिन्दगी

- दमक-६ भृकुटी चौक

## पुस्तक-साभार

### सुवर्ण शमशेर

### निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

### *सुवर्ण शमशेरः निष्ठाको राजनीतिक यात्रा*

क्रमागत..... नेपाली राष्ट्रिय कांग्रेसकालमै देशभित्र भएका विभिन्न आन्दोलनहरूमा संलग्न जनसहभागिताले बिस्तारै क्रान्तिका लागि आम मानसिकता तयार भइसकेको थियो । नयाँ पुस्तामा यो जोसले सबैभन्दा बढी ठाउँ पाएको थियो । शान्तिपूर्ण आन्दोलनभन्दा सशस्त्र क्रान्तिको बाटो नयाँ पुस्ताका लागि जोसिलो हुनु स्वाभाविक थियो । त्यसैले देश बाहिर मात्र होइन, देश भित्रभित्रै युवादस्ता तयार गर्ने र परिचालन गर्ने संयन्त्रको विकास भइरहेकै थियो । क्रान्तिका लागि स्वस्फूर्त युवापुस्ता पार्टीको सम्पर्कमा आइरहेको थियो । सेनामा माथिल्लो पदाधिकारी राणा पुत्रहरू भए तापनि तल्लो तहमा जनताकै छोराहरू रहेका हुँदा यो स्वाभाविक भएको थियो । साथै प्रजापरिषद् पार्टी खुलेदेखि नै भित्रभित्रै हुर्किंदै गएको वि□हको चिचिलो दिनदिनै छिप्पिँदै गइरहेको थियो ।

हतियारको व्यवस्था भइसके पछि क्रान्तिलाई औपचारिकता दिनु अघि त्यसको वैधानिकता आवश्यक थियो । क्रान्तिको नेतृत्व बी.पी. र सुवर्णले पाएका भए पनि त्यसलाई अनुमोदन गराउनु जरूरी थियो । प्रजातान्त्रिक पार्टी भएकाले कार्यकर्ताहरूको पूर्ण समर्थन लिन जरूरी हुन्छ । क्रान्तिमा गइसके पछि पार्टीका नियमित बैठक, निर्णय र अनुमोदनहरू गराइरहन सम्भव थिएन । त्यसैले क्रान्तिको लागि सर्वाधिकार नायकको आवश्यकता थियो, जसको कमाण्डमा क्रान्ति अघि बढ्ने वा रोकिने हुनु पर्थ्यो । नत्र हतियार युद्ध अराजक भएमा त्यो प्रत्युत्पादक बन्ने सधैं खतरा रहन्छ । युद्धमा जानु अघि युद्धको नायक चयन हुनै पर्ने हुनाले एक बृहद् कार्यकर्ता भेला बोलाइयो ।

सन् १९५० सेप्टेम्वर २७ र २८ गते नेपाल रौतहट जिल्लाको सीमा नजिकै रहेको भारतको वैरगनियाँ भन्ने ठाउँमा बृहद् सम्मेलनको आयोजना गरियो जसमा देशका विभिन्न ठाउँ र भारतमा रहेका अधिकांश कार्यकर्ताहरू उपस्थित थिए । वैरगनियाँ रेल्वे स्टेशनको छेउको एउटा राइस मिलको गोदाममा सम्पन्न भएको यो सम्मेलन नै नेपाली प्रजातान्त्रिक आन्दोलनको पछिल्लो महत्त्वपूर्ण निर्णायक सम्मेलन बन्यो । यो सम्मेलन हुनु अघि सेप्टेम्वर १५ को 'युगवाणी साप्ताहिकमा बी.पी. को 'हाम्रो अन्तिम लडाइँ शीर्षकको लेख प्रकाशित भएको थियो । जसमा देशको तात्कालिक वस्तुस्थितिको चित्रण गर्दै, पार्टीभित्र उठेका सामान्य विवादहरूको जवाफ दिँदै अबका महत्त्वपूर्ण कार्यहरूलाई तीन बुँदामा समेटिएको थियो । उक्त लेख यस्तो थियो-।

**हाम्रो अन्तिम लडाइँ**

नेपाली कांग्रेसले अब झट्टै लडाइँको बिगुल फुक्दै छ । राणासरकारविरूद्धको अन्तिम मोर्चाका लागि विभिन्न स्थानीय समिति बनाएर कार्यक्रमका साथ तयार रहन केन□ले आदेश दिइसकेको छ । दुश्मनको तागत के-कस्तो छ भन्ने जाँच्नका लागि छिटफुट लडाइँ पनि लडियो। अनेकौं ठाउँमा प्रदर्शन भए र अनेकौं साथी जेल परे । स्याङ्जा, नुवाकोट, परासी, पर्सा, उदयपुरगढी इत्यादि ठाउँमा जनताले सरकारको अत्याचारको बहादुरीका साथ विरोध गरेर आफ्नो राष्ट्रिय संस्था नेपाली कांग्रेसप्रति अविचलित भक्ति प्रदर्शित गरेका छन् । हामीले यस्ता स्थानीय आन्दोलन एवं प्रदर्शनबाट हाम्रो र शत्रुपक्ष दुबैको तागतको अनुमान पनि राम्रैसँग लगायौं । सरकारले आत्तिएर यस्ता सङ्घर्ष र प्रदर्शन भएका स्थानमा नितान्त बुद्धिहीन काम गऱ्यो । यसबाट सुसङ्गठित जनबलको प्रतिरोध गर्ने क्षमता अब सरकारमा छैन भन्ने प्रस्ट जाहेर हुन्छ । अब जनताले पनि सरकारको अन्तिम घडी आइसक्यो भन्ने राम्ररी बुझिसकेका छन् । अब जनसाधारणमा राणाशासनलाई अन्तिम धक्का दिएर समाप्त गर्नका लागि जनताको संस्था नेपाली कांग्रेसलाई अझै मजबुत बनाउनुपर्छ भन्ने भावना आइसकेको छ । अबउप्रान्त राणासरकारको अस्तित्वले निरन्तरता पाउने-नपाउनेमा उनीहरूको अत्याचार एवं दमनमै निर्भर छ । देशमा अब राणाशाहीलाई समर्थन गर्ने कुनै संस्था, वर्ग, जाति वा श्रेणी छैन । राणाहरू आजसम्म पल्टनमाथि भर परेर बसेका थिए, तर अब त्यो पल्टनतिर पनि कांग्रेसको सन्देश पुगिसकेको छ । क्रमशः .......

## गान्धीका प्रेरक भनाईं

१. जहाँ प्रेम छैन त्यहाँ जीवन छैन ।
२. स्वतन्त्रता राष्ट्रको अनन्त यौवन हो ।
३. कमजोरले कहिल्यै क्षमा दिन सक्दैन । क्षमा दिनु ठूलो मान्छेको गुण हो ।
४. पुस्तक र मोतीमा यति मात्र फरक छ । मोती बाहिर चम्किन्छ अनि पुस्तक अन्तस्करणमा ।
५. तिमी यसरी सिक कि तिमी सधैंभरी बाँच्दछौ । तर तिमी यसरी बाँच कि तिम्रो मृत्यु भोली नै हुँदैछ ।
६. संसारलाई परिवर्तित भएको देख्न चाहानेले पहिला आफू परितर्न हुन सिक ।
७. यदि तिमी विश्वमा शान्ती चाहन्छौ भने आफ्नै बच्चाहरूबाट शुरूवात गर ।
८. तिमीले आज गरेको काममा नै तिम्रो भविष्य अडिएको हुन्छ ।
९. तैले मेरो आँखा फोडिस्, म तेरो फोड्छु भन्ने हो भने संसार अन्धो हुन्छ ।
१०. यदि सफल जीवन जिउँनुछ भने सफलताको भावनालाई त्याग्नुपर्छ ।
११. जब झुसिल्कीराले अब संसार सकिँदैछ भन्ने सोच्छ तब उ सुन्दर पुतलीमा परिणत हुन्छ ।
१२. आवाजलाई नबढाउ बरू आफ्नो तर्कलाई सुधार ।






## खानपिन र जीवनशैली

# भण्डारण गरेको सब्जी पनि हानिकारक हुन्छ ?



दमक/ आजको व्यस्त जीवनशैलीमा हरेकदिन बजारमा गएर ताजा तरकारी किन्न धेरैलाई सम्भव छैन । तर भण्डारण गरेको सब्जीपनि हानिकारक हुन्छ भन्ने तपाईलाई थाहा नहुन सक्छ । लामो समय भण्डारण गरिएका सब्जीहरू स्वास्थ्यकालागि घातक हुन सक्छन् ।

हामी प्रायः एक हप्ता वा महिना भरको लागि तरकारी एकै चोटि किन्छौं र फ्रिजमा राख्छौं । तर दुई वा तीन दिनपछि धनियाँ पातहरू कुहिन थाल्छन्, हरियो खुर्सानी चाउरिन थाल्छ र कागती सुकेर ढुङ्गा जस्तै कडा हुन्छ । यस्ता खाद्य सामग्री घातक हुन्छन् ।

तरकारीको यो बरबादीले हाम्रो खानाको स्वाद मात्र बिगार्दैन हाम्रो मासिक घरायसी बजेटमा पनि ठूलो असर पार्छ ।

यदि तपाईँ पनि यो समस्याबाट थकित हुनुहुन्छ भने आज हामीले केही सरल र अनौठा घरेलु उपायहरू बताउनेछौं जसले धनियाँ, कागती, गोलभैंडा र हरियो खुर्सानी जस्ता दैनिक वस्तुहरूलाई हप्ता मात्र होइन, महिनौंसम्म ताजा बस्छन् ।

**धनियाँको पात**

धनियाँको पात लामो समयसम्म भण्डारण गर्न, सफा प्लास्टिक वा सिसाको भाँडो लिनुहोस् र त्यसलाई आधा पानीले भर्नुहोस् । अब, धनियाँको जरालाई भाँडोमा राख्नुहोस् ।

अथवा, तल्लो डाँठलाई पानीमा डुबाएर, धनियाँलाई 'फूलदानीमा फूल' जस्तै भाँडोमा राख्नुहोस् । यसले धनियाँलाई कम्तीमा एक महिनासम्म फ्रिजमा ताजा र जीवन्त राख्नेछ ।

कागती

प्रायः, रेफ्रिजरेटरमा राखिएका कागतीको बाहिरी बोक्रा खैरो वा कालो हुन थाल्छ र यसको रस पूर्ण रूपमा सुक्छ । कागतीलाई लामो समयसम्म रसिलो र ताजा राख्न, पानीले भरिएको कन्टेनरमा राख्नुहोस् । एउटा गिलासको भाँडो सफा पानीले भर्नुहोस्, सबै कागतीलाई त्यसमा डुबाउनुहोस् र फ्रिजमा राख्नुहोस् ।

पानीमा डुबाउँदा कागतीले आफ्नो ओसिलोपन गुमाउनबाट बचाउँछ र हप्तापछि पनि उस्तै रसिलो रहन्छ ।

**हरियो खुर्सानी**

यदि हरियो खुर्सानी झोलामा छोडियो भने तिनीहरू चाँडै कालो र कुहिन थाल्छ । यसबाट बचाउन पहिले हरियो खुर्सानीको डाँठहरू भाँच्नुहोस् । अब, एउटा हावा बन्द कन्टेनर लिनुहोस् र टिस्यु पेपर तर ओछ्याउनुहोस् ।

अब हरियो खुर्सानी राख्नुहोस् र त्यसपछि टिस्यु पेपरले छोप्नुहोस् । यो टिस्यु पेपरले अतिरिक्त ओस सोस्छ, जसले गर्दा खुर्सानी ३ देखि ४ हप्तासम्म ताजा रहन्छ ।

**गोलभैंडा**

गोलभैंडा कुहिन र चाउरी पर्नबाट जोगाउन गोलभैंडाको डाँठ, वा माथिल्लो भाग, त्यो ठाउँ हो जहाँ हावा र ब्याक्टेरिया प्रवेश गर्छन् र गोलभेडालाई बिगार्छन् ।

गोलभैंडा भण्डारण गर्नुअघि, डाँठ भएको ठाउँमा थोरै खाना पकाउने तेल लगाउनुहोस् । यो तेलले प्राकृतिक तेलको रूपमा काम गर्छ र गोलभेंडालाई लामो समयसम्म ताजा राख्न मद्धत गर्छ । तर लामो भण्डारण स्वास्थ्यकालागि घातक सिद्ध हुन्छन् । एजेन्सीको सहयोगमा ।

## मनोरञ्जन

# भारतीय दुतावासमा चलचित्र "पेन्सन पट्टा" को ट्रेलर प्रदर्शन




दमक/ प्रदर्शनका क्रममा रहेको चलचित्र 'पेन्सन पट्टा' को ट्रेलर काठमाडौँस्थित भारतीय दूतावासमा प्रदर्शन भएको छ ।

चलचित्रको कथासँग प्रत्यक्ष जोडिएको 'पेन्सन पट्टा' लाई भारतीय भूतपूर्व सैनिक तथा उनीहरूका परिवारलाई पेन्सन वितरण दूतावासको मिलिटरी पेन्सन शाखाले विशेष चासोका साथ हेरेको जनाइएको छ ।


'पेन्सन पट्टा' को ट्रेलर हेरेपछि यसको विषयवस्तुप्रति चासो व्यक्त गर्दै दूतावासको सो शाखाले चलचित्र निर्माण टोलीलाई भेटघाटका लागि निम्तो दिएकामा रसुवागढीको विनाशकारी बाढीका कारण निर्माण पक्षले चलचित्रसम्बन्धी भेटघाट तथा प्रचारप्रसारलाई केही ढिलागरी भएको हो ।

चलचित्रका निर्देशक तथा अभिनेता माओत्से गुरूङले भेटका क्रममा भारतीय दूतावासका कर्मचारीले देखाएको आत्मियताको प्रशंसा गरे । दूतावासका मेजर राहुल झाका अनुसार नेपालमा भारतीय सेना तथा असैनिक (सिभिल) सेवाका गरी एक लाख १९ हजार ५०४ जना पेन्सनभोगी छन् ।

भारत सरकारले नेपालमा रहेका पेन्सनभोगीलाई वार्षिक करिब सात हजार एक सय करोड नेपाली रूपैयाँ पेन्सनबापत पठाउने गरेको छ । सो चलचित्र यही भदौ २६ गतेदेखि देशभरका सिनेमा हलमा प्रदर्शन हुँदैछ ।




आज मिति २०८३ साल भदौ २३ गते मंगलबार
8 Sept. 2026
तिथि: द्वादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | पेटमा समस्या । समान हराउने समय । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | धन कमाउन सक्ने । मनमा हिम्मत बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मनमा अशान्ति । कार्यमा ढिलाई । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कतैबाट केही लाभ शिक्षामा रूची । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | उपलब्धी विना भ्रमण । कार्यमा ढिलाई । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कारोबारमा सामान्य लाभ । मित्रबाट सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | मातापिताबाट सहयोग । रोजगारीका अवसर । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | लहलहैमा खर्च बढ्ने । मनमा भय । |
| धनु | य यो भा भी भ धा फा ढ भे | देहमा पीडा । अकस्मात केही लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | विपरित लिंगीबाट सहयोग । व्यवसायबाट सामान्य लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | किराना पसलबाट लाभ । केही घरायसी सामान जोड्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | पढाईमा बाधा । लेनदेनमा विवाद । |



*पूर्वपश्चिम एसियन हाइवे अन्तर्गत दमक बजारमा निर्माण कार्य सुरु भएपछि पुरानो पोलमा रहेका अलपत्र तारहरु नयाँ पोलमा व्यवस्थापन हुँदै ।*

अन्तर्राष्ट्रिय

# ज्वालामुखीबाट एक लाख ७० हजार यात्रु अलपत्र

**एजेन्सी/** इन्डोनेसियामा ज्वालामुखी विस्फोटपछि वायुमण्डलमा बाक्लो खरानी फैलिएका कारण आठ वटा विमानस्थलको उडान ठप्प हुँदा करिब १ लाख ७० हजार यात्रु अलपत्र परेका छन् ।

अनाक क्राकाटाउ ज्वालामुखी विस्फोटपछि खरानीको बादल वायुमण्डलमा फैलिएपछि अधिकारीले राजधानी जाकार्तास्थित सोएकार्नो–हट्टा अन्तर्राष्ट्रिय विमानस्थलसहित आठ विमानस्थलका उडान स्थगित गरेका हुन् । यातायात मन्त्रालयका अनुसार कम्तीमा १,५५८ उडानहरु प्रभावित भएका छन् ।

शुक्रबार रातिदेखि सुरू भएको ज्वालामुखी विस्फोटका कारण लगातार भूकम्पीय कम्पन, लाभा र भीषण आवाज आएको थियो। आइतबार बिहान पुनः दुई पटक ठूला विस्फोट भएपछि उडान सुरक्षालाई ध्यानमा राख्दै विमानस्थल बन्द गरिएका हुन् । उडान स्थगनका कारण सिंगापुर, दोहा, सिड्नी र कुआलालम्पुर लगायतका अन्तर्राष्ट्रिय गन्तव्यका यात्रु बढी प्रभावित भएका छन् ।

इन्डोनेसियाका यातायात मन्त्री दुदी पुर्वागान्धीले एयरलाइन्सहरूलाई रद्द भएका उडानको रिफन्ड प्रक्रिया छिटो गर्न र यात्रुलाई समयमै सूचना दिन निर्देशन दिएका छन् । मौसम विज्ञान एजेन्सीका अनुसार ज्वालामुखीको खरानी ५० हजार फिट उचाइसम्म पुगेको छ ।

स्वास्थ्य मन्त्रालयले प्रभावित क्षेत्रका बासिन्दालाई घरभित्रै रहन र मास्क प्रयोग गर्न आग्रह गरेको छ । बाक्लो खरानीका कारण आँखा र सास फेर्न समस्या भएपछि धेरै स्थानमा विद्यालयहरु बन्द गरिएका छन् भने माछा मार्ने कामसमेत प्रभावित भएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

# कांग्रेसको असोज ३ र ४ गते वडा अधिवेशन

**झापा/** नेपाली कांग्रेसले १५औँ महाधिवेशनअन्तर्गतको वडा अधिवेशन असोजको पहिलो साता गर्ने निर्णय गरेको छ । सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले देशको पछिल्लो विषम परिस्थिति तथा बाढीपहिरोका कारण प्रभावित बनेका जिल्लाहरूको अवस्थालाई ध्यानमा राख्दै वडा अधिवेशनको मिति सार्ने निर्णय गरेको हो ।

पार्टी सहमहामन्त्री योगेन्द्र चौधरीका अनुसार वडा अधिवेशन अब असोज ३ वा ४ गतेसम्म सम्पन्न हुने गरी अघि बढाइनेछ । यसअघि तय भएको असोज १६ देखि १९ गतेसम्म महाधिवेशन सम्पन्न गर्ने तालिका भने यथावत् नै रहनेछ ।

**बाढीपहिरो र विषम परिस्थितिका कारण मिति संशोधन**

पार्टी प्रवक्ता देवराज चालिसेले रसुवा, नुवाकोट, धादिङसहित मुलुकका विभिन्न भागमा बाढीपहिरोले ठूलो क्षति पुर्‍याएकाले पीडित नागरिकको राहत तथा उद्धारलाई समेत मध्यनजर गर्दै अधिवेशनको प्रक्रिया अघि बढाउने जानकारी दिए। निर्वाचन समितिले प्राविधिक व्यवस्थापन गर्दै नयाँ मिति औपचारिक रूपमा कार्यान्वयनमा ल्याउनेछ ।

**क्रियाशील सदस्यतामा लचकता**

महाधिवेशनलाई सर्वस्वीकार्य र सहज बनाउन क्रियाशील सदस्यताको हकमा पनि कांग्रेसले लचक नीति अख्तियार गरेको छ ।

२०८२ पुस २१ गतेसम्म तत्कालीन महामन्त्री (हालका सभापति) गगन थापा नेतृत्वको समितिले टुंग्याएको क्रियाशील सदस्यता नवीकरणलाई नै आधार मानेर अधिवेशनमा जाने निर्णय गरिएको सहमहामन्त्री चौधरीले बताए ।

यस निर्णयसँगै १५औँ महाधिवेशनमा सहभागी हुन तत्कालका लागि अनिवार्य रूपमा क्रियाशील सदस्यता अद्यावधिक गर्नुपर्ने बाध्यता हटेको छ । यद्यपि, महाधिवेशन सम्पन्न नभएसम्म सदस्यता अद्यावधिक गर्ने नियमित प्रक्रिया भने निरन्तर जारी रहनेछ ।

# हजुरआमाको स्मृतिमा इलाका प्रहरीलाई चिसो पानी मेसिन



**दमक/** दमकका युवा व्यवसायी विपिन सुवेदीले आफ्नी हजुरआमाको स्मृतिमा इलाका प्रहरी कार्यालय दमकमा २ लाख ५० हजार बराबरको प्रविधियुक्त पानी फिल्टर र चिसो पानी आउने मेसिन जडान गरी हस्तान्तरण गरेका छन् ।

सोमबार प्रहरी कार्यालय दमकको परिसरमा आयोजित एक कार्यक्रमबीच सुवेदीले उक्त मेसिन हस्तान्तरण गरेका हुन् । प्रहरी कर्मचारी तथा सेवाग्राहीलाई स्वच्छ र चिसो पिउने पानीको सहज सुविधा उपलब्ध गराउने उद्देश्यले मेसिन जडान गरिएको जनाइएको छ ।

हस्तान्तरण कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका डीएसपी हरि बस्नेत, इन्स्पेक्टर प्रमोद खड्का, सामाजिक व्यक्तित्व सन्तोष दुलाल, छवि खतिवडा, व्यवसायी बिजु राई तथा विपिन सुवेदीको उपस्थिति रहेको थियो । हजुरआमाको स्मृतिमा सामाजिक सेवामार्फत गरिएको उक्त सहयोगलाई प्रशंसनीय कार्यका रुपमा लिएका रूपमा लिएको डीएसपी हरि बस्नेतले बताए ।

# जामुनखाडी सिमसारमा फिसिङको नयाँ आकर्षण

**बिर्तामोड/** झापाको कनकाई नगरपालिका स्थित जामुनखाडी सिमासर तथा पर्यटकीय स्थलमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नका लागि सिमसारमै फिसिङ कार्यक्रम सुरू गरिएको छ । यसअघि जंगली जनावरको दृश्यअवलोकन तथा बोटिङको मज्जा लिदै आएकोमा थप पर्यटक लक्षित फिसिङ सेवाको समेत विस्तार गरेको जामुनखाँडी सामुदायिक वन तथा जामुनखाडी सिमसार तथा पर्यटकीय संस्थाका अध्यक्ष परशुराम गिरीले बताए ।

पर्यटकहरूका लागि एक सय रूपैंयाको टिकट काटेपछि एउटा माछा मार्ने टागो र चारो उपलब्ध हुने र जति माछा मार्छन सो सबै खरिद गरेर समेत लैजान पाउने प्रबन्ध गरिएको जामुनवारी सामुदायिक वन तथा जामुनखाडी सिमसार तथा पर्यटकिय संस्थाका सचिव दिपक ओलीले बताए । पर्यटकका लागि सामुदायिक वन क्षेत्र भित्र रहेका मध्ये एउटा पोखरीलाई छुट्टाइएको र त्यसमा माछा पालन गरिएको छ । यसैविच हाल उक्त पोखरीमा माछा पालन गरिएको छ, भने बोटिङ समेत गर्ने प्रबन्ध रहेको छ । सामुदायिक वनभित्र संकटमा रहेका जंगली जनावरहरू चितुवा, मृग, अंजिगर, भालु लगायतका जनावार र गिद्ध, चिल, हुचिल, लाटकोसेरो लगायतका पंछिहरू समेत संरक्षण गरेर राखिएको छ ।

जंगली जनावार र नौका विहार पछि पनि पानीमा बल्छी खेल्ने इच्छा हुनेहरूका लागि थप आकर्षणका लागि यो सुविधा राखिएको वन समूहले जनाएको छ । यस प्रकारको पोखरीमा फिसिङ गर्ने सुविधा कोशी प्रदेशमै पहिलो भएको वन समूहको दावी रहेको छ । वन समूहभित्र माछा मार्ने फिसिङ सुविधा थप गरिएसगै नेपाल तथा छिमेकी मुलुक भारतबाट समेत फिसिङ गर्नका लागि पर्यटकहरू आउन थालेको वन समूहले जनाएको छ ।

# "किराया"को अध्यक्षमा पुनः गणेशबहादुर

**झापा/** किराँत राई यायोक्खा झापाको अध्यक्षमा पुनःगणेशबहादुर राई निर्वाचित भएका छन्। बिर्तामोडमा सम्पन्न ९ औ झापा जिल्ला अधिवेशनले गणेशबहादुर राईको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

नवनिर्वाचित जिल्ला कार्यसमितिको उपाध्यक्षमा चिजा राई, सचिवमा गौरीमान राई, तीन सह-सचिवमा सन्देश राई, सुनिल राई, धनकुमार राई र कोषाध्यक्षमा सन्तोष राई चुनिएका छन् ।

त्यस्तै सदस्यहरुमा अबिरल राई, मानबहादुर बान्तवा राई, बिमला बान्तवा राई, अर्जुनबहादुर राई, बेनु राई, बद्रीराज राई, मिरन राई र अर्पण राई निर्वाचित भएका छन् । नयाँ नेतृत्व चयन गर्न किराँत राई यायोक्खाका केन्द्रीय उप-महासचिव अर्जुन जम्नेली राईको संयोजकत्वमा सदस्यहरु केन्द्रिय सचिव नगेशचन्द्र राई, कोशी प्रदेश अध्यक्ष पारसमणि राई, प्रदेश सचिव राम माण्डुपा राई, जिल्ला सल्लाहकारहरु दिपेनवाला राई, एलडी राई, दिपिन राई, निरबहादुर राई, समर थुलुङ राई तथा निर्वाचन मण्डलका महिला सदस्यहरु अनिता राई र सलिना राई रहेका थिए । भदौ २० र २१ गते भएको जिल्ला अधिबेशनको उद्घाटन यायोक्खा केन्द्रीय अध्यक्ष जीवन हताचो राईले गरेका थिए ।

***स्नेहा.....*** *जानकारी दिएका छन् । कार्यक्रम दमक नगरपालिका प्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । प्रतियोगिताको निर्णायकको भूमिकामा मिस नेपाल कोस्मो दिपशिखा नेपाल, मिष्टर नेपाल प्रकाश चौहान, विवश राई र मनिला ढकाल रहेका थिए ।*

## कोशी सरकारको न्यूनतम साझा कार्यक्रम

दमक/ कोशी सरकारले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ । नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच प्रदेश सरकार गठन सम्बन्धी केन्द्रमा तीन बुँदे सहमति भएपछि प्रदेशमा सरकार सञ्चालन सम्बन्धी न्यूनतम साझा कार्यक्रम तयार गरिएको छ ।

नेकपा संसदीय दल कोशी प्रदेशका नेता इन्द्रबहादुर आङ्बोको नेतृत्वमा बनेको कार्यदलले सोमबार कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीलाई न्यूनतम् साझा कार्यक्रम हस्तान्तरण गरेको हो । न्यूनतम् साझा कार्यक्रममा २८ बुँदा रहेका छन् ।

## चट्याङ लागेर एक युवकको मृत्यु

**सुनसरी/** सुनसरीको कोशी गाउँपालिका-६ लाही टोलका एक युवकको सोमबार बिहान चट्याङ लागेर मृत्यु भएको छ । कोशी गाउँपालिका-६ का २६ वर्षीय पप्पु यादव भैंसी चराउन गएकाबेला पानीसँगै परेको चट्याङ लागेर घटनास्थलमै मृत्यु भएको सशस्त्र प्रहरी बल नेपाल नं ४ गण हेडक्वाटर सुनसरीका प्रमुख शसस्त्र प्रहरी उपरीक्षक लवकुमार सापकोटाले जानकारी दिए ।

***जेन्जी........*** पुस्ता र स्वतन्त्र उम्मेदवारहरु निर्वाचित भई नेपालको इतिहासकै सबैभन्दा कान्छो संसद् निर्माण भयो ।

**नयाँ सरकारको दायित्व**

जेन्जी विद्रोहले पुराना राजनीतिक संरचना र दलीय सिन्डिकेटलाई ढालेर नेपाली राजनीतिमा नयाँ पुस्ताको सशक्त आगमन सुनिश्चित गराएको छ । तर, आन्दोलन र विद्रोहबाट स्थापित हुनु आफैँमा पूर्णता होइन, बरू आन्दोलनको मूल मर्म र भावनालाई संस्थागत गर्नु नयाँ सरकारको असली परीक्षा हो । ७२ भन्दा बढी शहीदको बलिदान, अर्बौंको क्षति र हजारौँ युवाको सपनाको जगमा बनेको कान्छो संसद् र नयाँ नेतृत्वसामु विगतका राजनीतिक गल्तीहरु नदोहोर्‍याई मुलुकलाई सही दिशा दिने ऐतिहासिक जिम्मेवारी छ ।

अबको नयाँ सरकारले सबैभन्दा पहिले राज्यका हरेक निकायमा व्याप्त दलीय भागबण्डा, र ठूला भ्रष्टाचार काण्डहरूको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही गर्नुपर्छ । युवा जनशक्तिको विदेश पलायन रोक्न स्वदेशमै प्रविधि, नवप्रवर्तन र सीपमूलक क्षेत्रमा व्यापक अवसर सिर्जना गर्दै आन्दोलनबाट थलिएको अर्थतन्त्र र निजी क्षेत्रलाई पुनः उकास्नु उत्तिकै आवश्यक छ । यसका साथै, आन्दोलनका क्रममा गुमेको शान्ति-सुरक्षा बहाल गर्न लुटिएका हतियार संकलन गर्ने, फरार कैदीबन्दीलाई कानुनी दायरामा ल्याउने र प्रहरी प्रशासनप्रति जनविश्वास जगाउने काम तत्काल गरिनुपर्छ । नागरिकको अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारको पूर्ण सुरक्षा गर्दै उच्च शिक्षा र सार्वजनिक प्रशासनलाई पारदर्शी एवं पूर्णतः योग्यता प्रणालीमा आधारित बनाउनु सरकारको मुख्य दायित्व हो ।

**निष्कर्ष** : जेन्जी विद्रोह केवल सरकार परिवर्तनको सामान्य माध्यम मात्र थिएन, यो वर्षौंदेखि गुम्सिएको जनआक्रोश र राजनीतिक संस्कार नै बदल्ने तीव्र आकांक्षाको प्रस्फुटन थियो । यदि नयाँ सरकारले पनि जनभावना विपरीत परम्परागत र सुस्त शैली अपनायो भने अर्को असन्तोषको ज्वाला फुट्न समय लाग्ने छैन । तसर्थ, नयाँ नेतृत्वले पारदर्शिता, योग्यता र नतिजामुखी कार्यशैलीलाई आफ्नो मूलमन्त्र बनाएर जनताको विश्वास जित्नु नै आजको मुख्य दायित्व र ऐतिहासिक आवश्यकता हो ।

***त्रिदेशीय...*** बस्नुपर्ने र संयुक्त वैज्ञानिक टोलीमार्फत नियमित क्षेत्रीय अध्ययन तथा अनुगमन गरिनुपर्ने उल्लेख छ । साथै, सीमापार विपद्बाट हुने जनधनको क्षति रोक्न द्विदेशीय र त्रिदेशीय पूर्वसूचना प्रणाली(अर्ली वार्निङ सिस्टम) तथा पूर्वतयारीका कार्यहरू तत्काल अघि बढाउन सरकारलाई आग्रह गरिएको छ । विपद्का बेला हिमनदी, हिमताल, भूकम्पीय गतिविधि, मौसम, नदीको बहाव तथा जलवायु परिवर्तनका कारण भू-आकृतिमा आउने फेरबदलसम्बन्धी तथ्यांकहरू वास्तविक समय (रियल टाइम) मा आदानप्रदान गर्न यस्तो संयन्त्र अपरिहार्य भएको पार्टीको ठहर छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मिति २०८३।०५।२३*



यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/१७ मा स्विकृती प्राप्त भई साविक कम्पनी दर्शन बुढासुब्बा यातायात प्रा.लि. (प्रा.लि.न. ३०२७५३।०७९।०८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको खोटाङ दिप्रुङ यातायात प्रा.लि. अंग्रेजीमा Khotang Diprung Yatayat Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह झापाको**

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३ भदौ २३ गते मंगलवार पूर्वसन्देश दैनिक*

यस नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह बाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसिलका ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण सम्झौता अनुसार कर्जाको तिनुपर्ने किस्ता, ब्याज तथा कर्जा लिंदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लघंन भएको र पटक-पटक मौखिक एवम् लिखित तार तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र ऋण चुक्ता नगरेमा कर्जा लिने ऋणी र सो कर्जाको जमानी बस्ने जमानतकर्ताहरुको कानुनी दायित्व बराबर हुने भएकोले, दुवै पक्षको घरघराना, नाममा रहेको चल अचल सम्पत्ति, बैंक खाता तथा सेयरहरु सहकारी ऐन बमोजिम रोक्का राखि, उक्त जायजेथाबाट संस्थाले लिनुपर्ने सम्पूर्ण रकम असुल उपर गरिनेछ । साथै ऋणी तथा जमानीकर्ता दुवै पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुका साथै सहकारी कर्जा असुली न्यायधिकरण मार्फत् प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही अघि बढाईने व्यहोरा यसै सूचनाद्वारा अवगत गराईन्छ ।

| सि. नं. | ऋणीको विवरण | ऋणीको फोटो | जमानीकर्ताको नाम | जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| ९. | ऋणीको नाम :लिलामाया अधिकारी<br>ना.प्र.नं.: ०४२०४५/४७ झापा<br>सदस्यता नं.: ०१०३४५५<br>बाबुको नाम : कर्ण ब.खड्का<br>बाजेको नाम : नर ब. खड्का<br>ठेगाना : गौरादह ०२ |  | नाम : रोस्ना अधिकारी<br>बाबुको नाम : ...............<br>नाता : छोरी<br>ठेगाना : गौरादह ०२ | |
| १०. | ऋणीको नाम : लिलादेवी चौधरी<br>ना.प्र.नं.: ९१५२३३४ झापा<br>सदस्यता नं.: ०१०४१२३<br>बाबुको नाम : प्रल्हाद चौधरी<br>बाजेको नाम : खाउ चौधरी<br>ठेगाना : गौरादह ०८ | | नाम : महेन्द्र चौधरी<br>बाबुको नाम : चेतलाल चौधरी<br>नाता : श्रीमान<br>ठेगाना : गौरादह ०८ | |
| ११. | ऋणीको नाम : तुलाराम थामी<br>ना.प्र.नं.: ९५६१ झापा<br>सदस्यता नं.: ०१०२८०४<br>बाबुको नाम : पदम कुमार थामी<br>बाजेको नाम : कर्ण ब.थामी<br>ठेगाना : गौरादह ०४ |  | नाम : सुनिता थामी<br>बाबुको नाम : राम ब. थापा<br>नाता : श्रीमती<br>ठेगाना : गौरादह ०४ |  |
| १२. | ऋणीको नाम : टेक ब.तामाङ्ग<br>ना.प्र.नं.: ६९७११६३४ झापा<br>सदस्यता नं.: ०१०४६९२<br>बाबुको नाम : खडग सिंह तामाङ्ग<br>बाजेको नाम : मंडल सिंह तामाङ्ग<br>ठेगाना : गौरादह ०१ |  | नाम : सुजाता धिमाल<br>बाबुको नाम : सुर्य धिमाल<br>नाता : श्रीमती<br>ठेगाना : गौरादह ०१ |  |
| १३. | ऋणीको नाम : सिर्जना चौधरी<br>ना.प्र.नं.: ...............<br>सदस्यता नं.: ०१०४१६५<br>बाबुको नाम : मुसे चौधरी<br>बाजेको नाम : सन्ते चौधरी<br>ठेगाना : गौरादह ०८ | | नाम : दुखिलाल साहा<br>ना.प्र.नं.: ०४३०४७/२०१<br>बाबुको नाम : प्रभुलाल साहा<br>नाता : श्रीमान<br>ठेगाना : गौरादह ०८ | |
| १४. | ऋणीको नाम : जित ब.दर्जी<br>ना.प्र.नं.: १४०८४ झापा<br>सदस्यता नं.: ०१०५०७१<br>बाबुको नाम : सुर्य ब.दर्जि<br>बाजेको नाम : गुन्टे दमाई<br>ठेगाना : गौरादह ०४ |  | नाम : सुर्य ब.दमाई<br>बाबुको नाम : गुन्टे दमाई<br>नाता : बुबा<br>ठेगाना : गौरादह ०४ |  |

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com